पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

बैठक क्र.सं. २२

सम्वत् २०८०।३।२१

१. कृषकहरुबाट रोपाई/सिंचाईको लागि अत्याधिक रुपमा सिंचाइ पाइप माग भई आएकोले रु. १ लाख बरावरको पाइप खरिद गर्ने ।

२. भ्याकुलोडर सञ्चालनको लागि सेवा करारमा १ जना अपरेटर भर्ना गर्ने ।

३. बिपन्न औषधी उपचार सहायता/साझेदारी खर्च शीर्षकमा विनियोजित रकम मध्येबाट रु. १२ लाख वन बातावरण तथा बिपद् ब्यवस्थापनमा रकमान्तर गर्ने ।

४. ४ नं. वडा स्थित सौरीकोटमा स्वास्थ्य इकाई सञ्चालन गर्ने ।

५. बन बातावरण तथा विपद् ब्यवस्थापन खर्च शीर्षकबाट ब्यहोर्ने गरि वडा नं. ५ स्थित बानिडाँडा प्रा.बि. लाई अनुदान स्वरुप रु. ७५ हजार अनुदान उपलब्ध गराउने ।

६. गाउँपालिका प्रशासकीय भवन, ३ नं. र ६ नं. वडा कार्यालय भवन निर्माण र आधारभुत स्वास्थ्य केन्द्र चिसापानी भवन निर्माण आयोजनाहरुको मिति २०८० साल असोज मसान्त सम्मको लागि म्याद थप गर्ने ।

७. पालिका क्षेत्र भित्रको विद्युत वितरण तथा ब्यवस्थापनको कार्य नेपाल विद्युत प्राधिकरणलाई हस्तारण गर्नेगरि यस अघि भएका निर्णय र कार्यान्वयको अवस्थाको बारेमा छलफल भयो सो सम्वन्धमा सामुदायिक विद्युत मार्फत वितरण र ब्यवस्थापन भएका वडाहरुले हस्तान्तरणको लागि जति सक्दो छिटो आवश्यक कार्यप्रक्रिया टुग्याउने र पेश गर्ने ।

८. गाउँपालिका अन्तर्गत कार्यरत करार सेवाका कर्मचारीहरुको कार्यविधि अनुसारको म्याद थप गर्दा कुनै पनि राजनीति दलमा आवद्द नभएको घोषणा र इमान्दारिपूर्वक कर्मचारीको आचरणमा रहि काम गर्ने भन्ने प्रतिवद्दता संलग्न गराउने ।

९. शव बहान खरिद गर्ने कार्यपालिकाको निर्णयानुसार क्याटलक विधि मार्फत शव बहान खरिदको लागि आवश्यक प्रक्रिया अघि बढाउदा कुनै पनि बिक्रेता/उत्पादक कम्पनी ईच्छुक नदेखिएकोले साथै गाउँपालिकाले एम्वुलेन्स सेवा समेत सञ्चालन गर्न अति आवश्यक देखिएकोले एम्वुलेन्स खरिद गर्ने ।

१०. वर्षातको समयमा गाउँपालिकका वडा नं. ३, ४ ,५ र ६ अन्तर्गत विभिन्न स्थान/ठाउँमा गएको पहिरो/पन्छ्याउने कार्यको लागि प्रयोग भएको तपसिल बमोजिमका निर्माण ब्यवसायीहरुको भ्याक हो लोडरको खर्च बन वातावरण र बिपद् ब्यवस्थापन खर्च शीर्षकबाट ब्यहोर्ने गरी भुक्तानी गर्ने ।

तपसिल

| क्र.स. | निर्माण/ ब्यवसायी | रकम | कैफियत |
|---|---|---|---|
| १ | भुर्तेल निर्माण सेवा | रु. ३ लाख | |
| २ | जे. डि. होम कन्स्ट्रक्सन | रु. १ लाख ५० हजार | |
| ३ | किन्स् कन्स्ट्रक्सन निर्माण सेवा | रु. ३ लाख | |
| ४ | मनोज कन्सट्रक्सन | रु. ३० हजार | |

पैयूँ गाउँपालिकाको कार्यालय गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३